# माङसेबुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
१ नं प्रदेश, नेपाल

# सिलबन्दी बोलपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित भएको मिति २०७६ पौष २० गते

यस गाँउपालिकालाई आ.व. २०७६।०७७ मा तपशिल बमोजिमका निर्माण कार्यहरु गर्नु पर्ने भएकाले सम्बन्धित कार्यको लागि ईजाजत प्राप्त, मूल्य अभिवृद्धि करमा दर्ता भएका ईच्छुक निर्माण कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरु

| सि.नं. | ठेक्का नं. | कामको विवरण | जमानत रकम | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | MRM/NCB/ WORKS/2076/77-01 | Upgradation of Chature-Fulungi Road | 3,89,000.0 | 3,000 | e-bidding /hard copy |
| २ | MRM/NCB/ WORKS/2076/77-02 | Mangsebung Rural Municipality building construction | 70,000 | 3,000 | Hard copy only |

१. योग्य निर्माण कम्पनीहरुले बोलपत्र सम्बन्धी कागजातहरु सुचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र यस गाँउपालिकामा निवेदन पेश गरि प्राप्त गर्न सकिने छ। यस्तो निवेदनको साथमा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७५।०७६ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, ईजाजतपत्रको प्रतिलिपि, नविकरणको प्रतिलिपि साथै रू ३,००० (रू तीन हजार मात्र) पछि फिर्ता नहुने गरि गाउँपालिकाको संचित खाता नं. ०६९०१०००००२६२०१ मा जम्मा गरेको बैंकको सक्कल भौचर सहित स्वयंम उपस्थित भई पेश गर्नु पर्ने छ ।

२. शिलबन्दी गरिएको बोलपत्र सुचना प्रकाशित मितिले ३१ औं दिनको १२:०० बजे भित्र दर्ता गर्नु पर्नेछ। सो समयावधिभन्दा ढिलो गरि बोलपत्रपत्र स्वीकार गरिने छैन । यसरी दर्ता भएका बोलपत्र सोही दिनको ३:०० बजे खोलिनेछ ।

३. ठेक्का नं. MRM/NCB/WORKS/2076/77-02 को हकमा बोलपत्रदाताले बोलपत्र फारम यस गाउँपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ र माथि उल्लेखित जमानत बापतको रकम सिटिजन्स बैंक ईन्टरनेसनल, माङसेबुङ शाखामा रहेको धरौटि खाता नं. ०६९०१०००००२९२०१ मा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्ने छ वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत प्राप्त बैंकबाट सो बराबरको जमानत पेश गर्नु पर्नेछ । ठेक्का नं. MRM/NCB/WORKS/2076/77-01 को हकमा बोलपत्रदाताले www.bolpatra.gov.np/egp मा गएर बोलपत्र फारम Download गरि धरौटी खातामा रकम जम्मा गरेको भौचर र अन्य आवश्यक सम्पूर्ण कागजात स्क्यान गरि upload गर्नुपर्ने छ ।

४.बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ। यस्तो अवस्था बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ

५. कुनै वा सबै बोलपत्र पुर्ै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहने छ ।

६. शिल्बन्दी नगरि प्राप्त भएको वा प्रचलित कानुन बमोजिम रित नपुगेको बोलपत्र स्वीकार गरिने छैन ।

७. रितपुर्वक दर्ता भएका बोलपत्रहरु प्रचलित कानुन बमेजिम तोकिएका बोलपत्रदाताको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तोकिएको दिन बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनो शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

९. थप जानकारीका लागि यस कार्यालयमा वा सूचना प्रविधि अधिकारी श्री माधव प्र. दाहाल, मो. नं. ९८४२७६७२८८ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

डिल्लीराम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

डिल्लीराम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत